प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
# सामाजिक विकास मन्त्रालय

इमेलः mosdkailali07@gmail.com
टोल फ्रि नं. १६६०९१५५५६३
फोन नं. ०९१-५२४५६३(प्रशान)
५२६५०४(लेखा)
५२६०५८(स्वास्थ्य)
५२५२२०(उच्च शिक्षा)
५२४९३१(यूवा तथा खेलकुद)
एक्सटेन्सन नं. ५२५००९
फ्याक्स नं. ०९१-५२७१६८
कैलाली, नेपाल

च. नं ११३१ प.सं ०७८/७९ मितिः- २०७८।११।४

बिषयः प्रदेश महिला उद्यमी पुरस्कारका लागि नामावली पठाउने सम्बन्धमा ।

श्री सुदूरपश्चिम प्रदेशका,
८८ वटै स्थानीय तहहरु ।

यस मन्त्रालयको आ.व. २०७८/७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार विभिन्न स्रोत, साधन, श्रृजना र सीपको प्रयोग गरी कृषि, गैह्र कृषि र पर्यटनको क्षेत्रमा उल्लेखनीय योगदान गरेका उत्कृष्ट तीन जना महिला उद्यमीलाई नगद पुरस्कार सहित सम्मान गर्ने कार्यक्रम रहेकाले प्रत्येक स्थानीय तहबाट देहायका योग्यता र आधार पुगेका १/१ जना उत्कृष्ट महिला उद्यमीको नामावली आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र यस मन्त्रालयमा पठाईदिन हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. <u>पुरस्कार प्राप्त गर्ने न्यूनतम आधारः</u>

(क) नेपाली नागरिक,
(ख) फौजदारी अभियोगमा कसूरदार नठहरिएको,
(ग) आफ्नै नामबाट उद्यम दर्ता गरी व्यवसाय संचालन गरेको,
(घ) विगत ५ वर्ष देखि निरन्तर रुपमा व्यवसाय संचालन गरिरहेको,
(ङ) यथेष्ठ मात्रामा लगानी गर्ने स्रोत भएको,
(च) नियमित रुपमा सरकारलाई तिर्नुपर्ने कर बुझाएको र आफ्नो व्यवसायको लेखापरिक्षण गरेको,
(छ) आफ्नो उद्यममा श्रम सम्बन्धी प्रचलित कानूनको पालना गरेको र लैङ्गिक मैत्री वातावरण कायम गराएको ।

...............
२०७८।११।४
दान बहादुर सुनार
(कानून अधिकृत)
कानून अधिकृत

२. <u>पेश गर्नुपर्ने कागजातहरुः</u>

अनुसूची-२ बमोजिमको प्रस्ताव, नागरिकताको प्रतिलिपि ,दुई प्रति पासपोर्ट साइजको फोटो, उद्योग दर्ता प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, लेखा परिक्षण प्रतिवेदन,पछिल्लो पाँच बर्षको अडिट गरेको निस्सा, PAN/VAT दर्ताको प्रतिलिपि, सम्बन्धित स्थानीय तहको सिफारिस पत्र, र बिशेष प्राथमिकता समूह खुल्ने निस्सा।

३. <u>थप जानकारीः</u>

(क) उत्कृष्ट महिला उद्यमी छनौट र पुरस्कार वितरण सम्बन्धी अन्य विस्तृत व्यवस्था मन्त्रालयको वेभसाइट <u>mosd.p7.gov.np</u> मा रहेको "प्रदेश महिला उद्यमी पुरस्कार छनौट कार्यविधि, २०७८" मा रहेको र उक्त कार्यविधि मन्त्रालयको वेभसाइटबाट डाउनलोड गरी हेर्न सकिनेछ ।
(ख) स्थानीय तहले उत्कृष्ट महिला उद्यमीको नामावली पठाउँदा अनुसूची-१ लाई आधार मान्नुपर्नेछ ।
(ग) प्रस्ताव मन्त्रालयको इमेल ठेगाना <u>mosdkailali07@gmail.com</u> मा समेत पठाउन सकिनेछ ।
(घ) रित नपुगेका र म्याद नाघी आएका प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।